आदरणीय आमाबुबा/अभिभावक ज्यू,

**किन्डरगार्टेन तथा 2032 को कक्षामा स्वागत छ !**

वेस्टरभिल सिटी स्कुलस् ले हरेक गृह विद्यालयमा आधा-दिन तथा पूरा-दिन किन्डरगार्टेन गरी दुवै प्रकारको किन्डरगार्टेन उपलब्ध गराउँछ । पूरा-दिन किन्डरगार्टेन शुल्क लाग्ने, लोटरी (चिठ्ठा) कार्यक्रम हो जसमा योग्यता भएकाहरूलाई शिक्षण शुल्क सहयोग उपलब्ध हुन्छ । पूरा-दिन किन्डरगार्टेनमा आवेदन दिन चाहने जोकोहीले पनि जनवरी 29 को बेलुका 5:00 बजे पश्चातबाट सुरु हुनेगरी अनलाइन नाम दर्ता आवेदनको हिस्सको रूपमा पूरा-दिन किन्डरगार्टेन आवेदन पूरा भरेर बुझाउन सक्छन् http://www.wcsoh.org/ADK ।

यदि तपाईं *2019 Kindergarten 101* मा उपस्थित हुँदै हुनुहुन्छ भने तपाईंले हाम्रो अनलाइन दर्ता प्रक्रियाको सम्बन्धमा जानकारी प्राप्त गर्नुहुनेछ । अनलाइन आवेदनले तपाईंलाई आवेदनको अन्तमा दर्ता एपोइन्टमेन्टका लागि समय मिलाउन मौका उपलब्ध गराउँछ । कृपया आफ्नो समय मिलाइएको एपोइन्टमेन्टका लागि सूचिकृत आवश्यक कागजपत्रहरूको कागजी प्रतिहरू (सूची पछाडि छ) का साथ Enrollment and Family Resource Center (नाम दर्ता तथा परिवार श्रोत केन्द्र) मा जानुभन्दा पहिला अनलाइनमा दर्ता सम्बन्धी आवश्यक जानकारी पूरा भर्नुभएको छ भनेर निश्चित गर्नुहोस् ।

चाँडो नाम दर्ता गर्नुहोस् र पछि हतारहतार गर्नेबाट छुटकारा पाउनुहोस् ! हामी हाम्रो सबैभन्दा नयाँ विद्यार्थीहरूको नाम दर्ता गर्नको निम्ति दर्ता एपोइन्टमेन्टका लागि र उपयुक्त कक्षाकोठा कार्यभारहरूको समयमै योजना बनाउन, यातायातका रूटहरू मिलाउन, कक्षाकोठाको क्षमता विकास गर्न र पूरा-दिन किन्डरगार्टेन चिठ्ठामा प्रवेश गर्नका लागि सात (7) हप्ताको समय दिइरहेका छौं ।

अनलाइनमा पूर्व-दर्ता गर्नका लागि, कृपया:

1. जिल्लाको वेबसाइट www.wcsoh.org मा जानुहोस् । हरियो 'Enrolling' (इनरोलिङ्ग)' बक्समा क्लिक गर्नुहोस् ।

2. आफ्नो बच्चा भर्ना गर्नुहोस् पृष्ठमा, तपाईंले सुन्तला रङको *2019-2020 Enrollment* भर्ना बटनमा क्लिक गर्नु पर्नेछ जसले तपाईंलाई विस्तृत जानकारी भएको भर्ना पृष्ठमा लैजानेछ ।

3. भन्ने हरियो बटनमा '*Begin Enrolling*' क्लिक गर्नुहोस् जसले अनलाइन आवेदन खुला गर्नेछ ।

4. तपाईंलाई लोग-इन तथा पासवर्ड (कृपया यसलाई लेखेर सुरक्षित राख्नुहोस्) बनाउन निर्देशित गरिनेछ जसले तपाईंलाई यस प्रक्रियालाई शुरू गर्न, आफ्नो जानकारी सेभ गर्न र (यदि आवश्यक भएमा) पछि कुनै समयमा आएर जानकारी पूरा भर्न अनुमति दिनेछ ।

5. आफ्नो समय मिलाइएको एपोइन्टमेन्टमा, आफ्नो किन्डरगार्टेन पढ्ने विद्यार्थीको नाम दर्ता प्रक्रिया पूरा गर्नका लागि सबै आवश्यक कागजपत्रहरूको कागजी प्रतिहरू साथमा ल्याउनुहोस् ।

हामी तपाईं तथा तपाईंको किन्डरगार्टेन विद्यार्थीलाई हाम्रो वेस्टरभिल स्कुल परिवारमा स्वागत गर्नका लागि प्रतिक्षा गरिरहेका छौं !

*नाम दर्ता प्रक्रिया शुरू गर्नका लागि कृपया www.wcsoh.org/enroll मा जानुहोस्*

# नाम दर्ताका लागि आवश्यक कागजपत्र

1. **जन्म प्रमाणपत्र**
   - सक्कल जन्म प्रमाणपत्र

2. **संरक्षकत्व जिम्मा भएको आमा/बुबाको फोटो सहितको परिचयपत्र**

3. **आवासको प्रमाणीकरण - आवास अनुमतिको दुइ (2) वटा प्रमाणहरू आवश्यक***

**उपलब्ध गराइएका प्रमाणहरू प्रिन्ट गरिएका कागजी प्रतिहरू हुनुपर्छ (यी कागजपत्रहरूलाई स्क्यान गरिनेछ र तपाईंलाई फिर्ता गरिनेछ)।*

****आवास अनुमतिको शपथ:** यदि कानुनी अभिभावक / संरक्षकत्व जिम्मा पाएका आमा/बुबा Westerville School District हाजिरी सीमाहरू भित्र बसोबास गर्ने कुनै साथी वा परिवारको सदस्यसँगै बस्दै हुनुभएमा सो बासिन्दा अनिवार्य रूपमा नाम दर्ता बैठकमा उपस्थित हुनुपर्छ र आफ्नो फोटो सहितको परिचयपत्र तथा उनले आफ्नो दुइ (2) वटा आवास अनुमतिको प्रमाणहरू उपलब्ध गराउनुपर्छ। यदि वेस्टरभिल निवासी, जोसँग तपाईं बस्दै हुनुहुन्छ, भाँडामा बसिरहनुभएको छ भने तपाईंको नाम (कानुनी अभिभावक/संरक्षकत्व जिम्मा पाएका आमा/बुबा) त्यस कबुलियत (लिज) मा अनिवार्य थप गर्नुपर्छ।*

## A बाट एउटा र B बाट एउटा उपलब्ध गराउनुहोस्:

**A:**
- कबुलियतमा संरक्षकत्व जिम्मा पाएका आमा/बुबाको नाम लेखिएको **हालको सक्रिय*** भाडा/कबुलियत सम्झौता; ***वा***
  ****यदि मासिक रूपमा भाडामा बस्नुभएको छ भने (व्यापारिक लेटरहेडमा) घरधनीको नाम तथा फोन नम्बर सहित कबुलियत सम्झौता तथा वर्तमानको प्रमाण ल्याउनुहोस्।***
- संरक्षकत्व जिम्मा पाएका आमा/बुबाको नाम लेखिएको वर्तमानको (पछिल्लो 30 दिनभित्रको मिति भएको) धितो विवरण; वा
- सम्पत्ति खरिद गर्नका लागि खरिद करार सम्झौता (यदि नाम दर्ता गरेको 90 दिनभित्रमा सम्पत्तिको खरिदलाई पूरा गर्नुहुनेछ); र

**B:**
- वर्तमानको (पछिल्लो 30 दिनभित्रको मिति भएको) सार्वजनिक उपयोगिता सेवाको बिल (अर्थात् ग्यास, पानी, विद्युत, ल्यान्डलाइन फोन, केबल वा इन्टरनेट) जसले Westerville School District को निवासी तथा कानुनी अभिभावक/संरक्षकत्व जिम्मा पाएका आमा/बुबा बस्ने ठेगानामा सेवा उपलब्ध गराएको देखाउँछ; **वा**
- Westerville School District को ठेगाना र कानुनी अभिभावक/संरक्षकत्व जिम्मा पाएका आमा/बुबाको नाम देखाउने वर्तमानको (पछिल्लो 30 दिनको मिति भएको) सरकारी पत्राचार (अर्थात् बाल भरणपोषण, सरकारी सहयोग)

4. **खोप सम्बन्धी अभिलेखहरू** - ओहियो राज्यले अनिवार्य गरेको छ
   **अन्य देशबाट आएका ती नयाँ वा फर्किने विद्यार्थीहरू जो वेस्टरभिले स्कुल डिस्ट्रिक्टमा प्रवेश गर्दैछन् तिनीहरूले अमेरिकाको कुनै फिजिसियन वा क्लिनिकबाट नकारात्मक टिबि परीक्षण (मान्टाउक्स पिपिडि उत्तम) वा नकारात्मक छातीको एक्स-रेको दस्तावेज बुझाउनु पर्नेछ।*

5. **सम्बन्धविच्छेद/संरक्षकत्व जिम्माको लिखित प्रमाण** (यो तपाईंको परिस्थितिमा लागू हुन्छ) - अदालतद्वारा हस्ताक्षर गरिएको तथा मिति/समयको छाप **लगाइएको हुनुपर्छ**:
   - अन्तिम सम्बन्धविच्छेद आदेश जसमा विद्यालय भर्नाका लागि आवासीय आमा/बुबाको रूपमा निर्दिष्ट आमा/बुबाको नाम तोकिएको साझा पालनपोषण योजना समावेश हुनसक्छ वा
   - हजुरआमा-हजुरबुबा वारिसनामा वा
   - निर्दिष्ट अभिभावकको नाम तोकिएको अस्थायी संरक्षकत्व जिम्मा आदेश वा
   - सैन्य वारिसनामा

6. **हालको IEP, ETR वा 504 योजना** (यदि यो तपाईंको बच्चामा लागू हुने भएमा)

***नाम दर्ता आवेदन पूरा भरेर बुझाइसके पश्चात आफ्नो एपोइन्टमेन्टका लागि समय मिलाउनुहोस्!***